राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस–विज्ञप्ति

असोज २५, २०७८

## घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कानूनी दायरामा ल्याऊ
## आयोगद्धारा रुपन्देहीको मोतिपुर घटनाको अनुगमन सुरु

रुपन्देहीस्थित प्रस्तावित मोतिपुर औद्योगिक क्षेत्रको जग्गामा अस्थायी टहरा बनाई बसेका व्यक्तिहरुलाई सुरक्षाकर्मीहरुले हटाउने क्रममा भएको झडपमा सुरक्षाकर्मीको गोली लागि चार जना प्रदर्शनकारीको मृत्यु भएको र केही प्रदर्शनकारी, पत्रकार र सुरक्षाकर्मी घाइते भएको भनिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त घटनाको आयोगको लुम्बिनी प्रदेश कार्यालय बुटवलले अनुगमन सुरु गरेको छ।

आयोगको टोलीले उक्त घटनाका सम्बन्धमा प्रारम्भिक अनुगमन गर्दा सुरक्षाकर्मीले प्रस्तावित औद्योगिक क्षेत्रको जग्गामा बनाइएका अस्थायी घरटहरा र प्रदर्शनकारीलाई हटाउने क्रममा प्रदर्शनकारी र सुरक्षाकर्मी बीच दोहोरो झडप भएको, झडप हुँदा प्रदर्शनकारीतर्फ चार जनाको मृत्यु भएको, सुरक्षाकर्मी र प्रदर्शनकारी दुवैतर्फ गरी पाँच दर्जन जति व्यक्तिहरु घाइते भएका, समाचार संकलनमा गएका पत्रकार समेत प्रदर्शनकारीको निशानामा परेका, गम्भीर घाइतेहरुमध्ये दुई जनालाई उपचारको लागि काठमाडौं पठाइएको तथा अन्यको स्थानीय अस्पतालमा उपचार भैरहेको, मृतकहरुमध्ये एक जनाको मात्र सनाखत भएको र हाल घटनास्थलमा थप सुरक्षाकर्मीहरु परिचालन गरिएको पाइएको छ। यस घटनाबाट व्यक्तिको बाँच्न पाउने अधिकारको गम्भीर हनन हुन पुगेको छ।

अत: व्यक्तिको ज्यानै जाने गरी भएको उक्त घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कानुन बमोजिम कारवाहीको दायरामा ल्याउन, मृतकका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन, घाइतेहरुको नि:शुल्क उपचार गराउन तथा वास्तविक घरबारविहीनहरुको पहिचान गरी यथोचित स्थानमा बसोबासको व्यवस्था मिलाउनुका साथै यस घटनाबाट उत्पन्न परिस्थितिबाट मानव अधिकारको प्रत्याभूति र शान्ति सुरक्षाको बहालीमा थप चुनौती हुन नदिनको लागि संयमता अपनाई विवादको समाधान वार्ताको माध्यमबाट गर्न आयोग सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

फोन नं. ००९७७–१–५०१००१५, फ्याक्स नं. ००९७७–१–५४४७९७३, पो.ब.नं. ९१८१, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org